म्यागङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः. २..　　　　संख्याः.५..मितिः..भाद्र १६, २०७६.

**भाग-२**

**म्यागङ गाउँपालिका**

**<u>म्यागङ गाउँपालिकाको स्थानीय राजपत्रप्रकाशन सम्बन्धीकार्यविधि, २०७५</u>**

गाँउ कार्यापालिकाबाट पारित मितिः भाद्र १६, २०७६

प्रमाणीकरण मितिः　भाद्र १६, २०७६

**स्थानीय राजपत्रमाप्रकाशितमिति :** भाद्र २९, २०७६ २०७५

म्यागड गाउँपालिका

**प्रस्तावनाः**

नेपालको संविधानतथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिमगाउँपालिकातथानगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधितथा मापदण्ड स्थानीय राजपत्रमाप्रकाशनगर्न अनिवार्य भएकोले,

पहिलो पटक स्थानीय राजपत्रप्रकाशनगर्ने मितिनिर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्नभागहरुको व्यवस्थागर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्रप्रकाशनगर्नेअधिकारीको सम्बन्धमाव्यवस्थागर्न, स्थानीय राजपत्रको अभिलेख तथामूल्यनिर्धारण र बिक्रीवितरणको प्रबन्धगर्न गाउँपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७४ को दफा ४ बमोजिमगाउँकार्यपालिकाको मिति ... भाद्र १६, २०७६. मा बसेको बैठकले योकार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

**भाग- १**

**प्रारम्भिक**

१. **कार्यविधिको नामः** यस कार्यविधिको नाम स्थानीय राजपत्रप्रकाशन सम्बन्धीकार्यविधि, २०७५ रहेको छ ।

२. **कार्यविधिलागू हुनेः**यो कार्यविधिगाउँकार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

**भाग- २**

**स्थानीय राजपत्रको भाग र ढाँचा**

३. **स्थानीय राजपत्रको भागहरुः** स्थानीय राजपत्रमाप्रकाशनगर्ने विषयवस्तुलाई अनुसूची -१ बमोजिमकाभागहरुमावर्गीकरण गरिएको छ।

४. **स्थानीय राजपत्रको ढाँचाः** स्थानीय राजपत्रको ढाँचा अनुसूची-२ माउल्लेख भएबमोजिमहुनेछ ।

५. **खण्डको व्यवस्थाः**स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्रप्रकाशनभएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशःजतिवर्ष भयो त्यति नै संख्याउल्लेख गरी प्रकाशनगरिनेछ ।

६. **स्थानीय राजपत्रको संख्या:** (१) स्थानीय राजपत्रको संख्याकायमगर्दा क्रमशः संख्याकायमगरिनेछ।

(२) उपदफा(१)बमोजिम संख्याकायमगर्दा नेपालीबर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशनभएकाविषयमाक्रमशः संख्या राखीअर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ।

७. **स्थानीय राजपत्रमाप्रकाशनगर्ने सामग्री:** स्थानीय राजपत्रप्रकाशनगर्दा बिषयवस्तुसँग सम्बन्धितभागकोउल्लेख गरी (जस्तै ऐन भएभाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखीप्रकाशनगरिनेछ।

८. **स्थानीय राजपत्रप्रकाशनगर्ने अधिकारी:** स्थानीय राजपत्रगाउँपालिकाको प्रमुखप्रशासकीयअधिकृतको आदेशानुसार प्रकाशनहुनेछ। यसरी प्रकाशनगर्दा राजपत्रको अन्त्यमा “आज्ञाले,” भन्ने व्यहोरा उल्लेख गरी प्रमुखप्रशासकीयअधिकृतको नाम र गाउँपालिकाको प्रमुखप्रशासकीयअधिकृत भन्ने वाक्यांश राखीवाप्रमुखप्रशासकीयअधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाईअधिकार प्रत्यायोजन गरेको भएत्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशनगरिनेछ।

स्याङ्जा गाउँपालिका

## भाग- ३

## स्थानीय राजपत्रकोप्रकाशन, अभिलेख तथावितरण

९. **स्थानीय राजपत्रप्रकाशनको जिम्मेवारीः**(१) कार्यपालिकाले कुनै शाखावाएकाइलाई स्थानीय राजपत्रप्रकाशन सम्वन्धीकामकालागिकार्य विवरण सहितजिम्मेवारी तोक्नेछ ।

(२) उपदफा(१)बमोजिमतोकिएको शाखावा एकाइबाट मात्र स्थानीय राजपत्रप्रकाशनगरिनेछ ।

१०. **प्रकाशनपूर्व सम्पादनगर्नुपर्नेः**(१) प्रकाशनहुने सामग्रीगाउँकार्यपालिकाको कानून सम्वन्धीविषय हेर्ने शाखावा एकाइबाट सम्पादनगरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादितप्रति प्रमाणीकरण गरी राजपत्रप्रकाशनगर्ने शाखा/एकाइमा पठाईनेछ ।

११. **स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनः**(१) प्रमाणीकरण भई आएकासामग्रीको अभिलेखदुरुस्त राखिनेछ ।

(२) उपदफा(१)बमोजिमस्थानीय राजपत्रको अभिलेख व्यवस्थापनकालागि छुट्टै पुस्तिका खडा गरी सोहीपुस्तिकामाप्रकाशनभएका सामग्रीको सिलसिलेवार संख्याखुलाई अद्यावधिक रुपमाअभिलेख राखिनेछ ।

(३) प्रमुखप्रशासकीयअधिकृत वानिजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेखपुस्तिकालाई प्रमाणितगरिनेछ ।

१२. **निःशुल्क रुपमाउपलब्ध गराउनु पर्ने** :गाउँपालिकाले स्थानीय राजपत्रको प्रकाशितप्रतिदेहायकानिकायमानिःशुल्क रुपमाउपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीयमामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिकाको सूचनातथाअभिलेख केन्द्र,

न्यार्शङ गाउँपालिका

(घ) सम्बन्धित स्थानीयविभाग/महाशाखा/शाखा,र

(ङ) गाउँपालिकाकाप्रत्येक वडाकार्यालय

१३. **वेभ साइटबाट सार्वजनिकगर्नुपर्नेः**गाउँपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई गाउँपालिकाको वेभ साइटमा छुट्टै खण्ड (अलगपोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिकगरिनेछ ।

१४. **विक्रीवितरणको व्यवस्थातथाबिक्रीमूल्यः**(१) प्रकाशित स्थानीय राजपत्रगाउँपालिकाका वडाहरु र स्थानीयतहको सूचनातथाअभिलेख केन्द्रतथातोकिएको शाखावाएकाइमार्फत विक्रीवितरणको व्यवस्थामिलाइनेछ ।

(२) स्थानीय राजपत्रको देहायबमोजिमकोबिक्रीमूल्यनिर्धारण गरिएको छ,

**(क) बार्षिक सदस्यबनाई बिक्रीगर्दाः**वडा कार्यालय वा गाउँपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यताशुल्कलिई बिक्री गरेमाबार्षिक रु. ५९०/- (पाँच सय नब्बेमात्र)

**(ख) खुद्राबिक्रीगर्दा :**स्थानीय राजपत्रको सदस्यनभएको कुनै व्यक्तिवा संघ संस्थाले स्थानीय राजपत्रलिनचाहेमा देहायबमोजिमको फुटकर बिक्रीमूल्यतोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.५ मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.२० मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको रु.२५ मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु.५० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमाथपप्रति पेज २८ पैसाका दरले थपशुल्कलिइनेछ ।

**द्रष्टब्यः**माथिउल्लेखित दर कायमगर्दा नेपाल राजपत्रको प्रचलितबिक्रीदरलाई आधार लिइएको छ । स्थानीय सभाले उल्लेखित दरमाऔचित्य र आवश्यकताकाआधारमा परिमार्जन गर्न सक्नेछ ।

१५. **बिक्रीबाट प्राप्तरकम सञ्चित कोषमाजम्मागर्ने :** स्थानीय राजपत्रबिक्रीबापतप्राप्त राजश्वगाउँपालिकाको सञ्चित कोषमाजम्मागरिनेछ ।

१६. **कार्यविधिको व्याख्याः** यस कार्यविधिको कार्यान्वयनगर्ने क्रममाकुनै द्विविधाउत्पन्नभएमागाउँकार्यपालिकाले गरेको व्याख्याअन्तिमहुनेछ ।

१७. **बचाऊः** यो कार्यविधिलागू हुनुभन्दाअगावै गाउँपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधिवा मापदण्ड यसै कार्यविधिबमोजिमप्रकाशनभएको मानिनेछ ।

म्याग्दी गाउँपालिका

## अनुसूची-१

(दफा३ सँग सम्बन्धित)

**स्थानीय राजपत्रमाप्रकाशनगर्ने विषयवस्तु र भागहरु**

**भाग-१**

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथासभाकानियमहरु प्रकाशनगरिनेछ ।

**भाग-२**

यस भागमागाउँकार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि,मापदण्ड तथानेपाल सरकार, प्रदेश सरकार तथाअर्को स्थानीयतहसँगभएको सम्झौताको व्यहोरा प्रकाशनगरिनेछ ।

## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँगसम्बन्धित)

म्यागङ गाउँपालिका

# स्थानीय राजपत्र

म्यागङ् गाउँपालिका

खण्डः...                                   संख्याः...मितिः ..../../..

**भाग-१**

**म्यागङ गाउँपालिका**

ऐनतथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुखप्रशासकीयअधिकृत

म्यागङ गाउँपालिका

## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँगसम्बन्धित)

म्यागङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः...                    संख्याः...मितिः ..../../..

**भाग-२**

**म्यागङ गाउँपालिका**

कार्यपालिकाबाट जारीनियमावली, निर्देशिका, कार्यविधि, मापदण्डतथानेपाल सरकार, प्रदेश सरकार वाअर्को स्थानीयतहसँगभएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

म्यागङ गाउँपालिका